अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# बबई राजपत्र

बबई गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ६ बबई दाङ, संख्याः १ मितिः २०७९/०६/३०

भाग-२

बबई गाउँपालिका

## लैंङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७९

**प्रस्तावनाः** नेपालको संविधानको धारा ३८ को महिलाको हक कार्यान्वयन गर्न र लैङ्गिक हिंसा बाट पीडित तथा प्रभावितलाई उद्धार गर्न वा पुनर्स्थापना गर्ने कार्यका लागि गाउँपालिकामा लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी सो कोष बाट पीडित तथा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल सहज र प्रभावकारी बनाउनको लागि लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७६ को नियम ३ को उपनियम ३ख बमोजिमको व्यवस्था अनुसार एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी बबई गाउँपालिकाले मिति २०७९।०६।१२ को निर्णय अनुसार यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यी कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "गाउँपालिका" भन्नाले बबई गाउँपालिका लाई सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले दफा (३) बमोजिमको लैङ्गिक हिंसा निवारण कोष स्थापित स्थानिय उद्धार तथा राहत कोष सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकारको महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(घ) "पीडीत" लैङ्गिक हिंसा बाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(ङ) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्वन्ध भएको अर्को कुनै व्यक्ति लाई दिएको शारीरिक, मानसिक, यौनजन्य तथा आर्थिक यातना सम्झनु पर्छ ।

(च) "लैङ्गिक हिंसा" भन्नाले कार्य स्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगाएत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले नियम ७ बमोजिमको स्थानीय तत्काल उद्धार तथा राहत समिति सम्झनु पर्छ ।

**३. कोषको स्थापनाः**

(१) लैङ्गिक हिंसा निवारणका लागि स्थानीय राहत तथा उद्धार कोषको नामको एक कोष स्थापना गरिनेछ ।

(२) कोषमा देहाय बमोजिमको रकमहरु रहनेछ ।

(क) नेपाल सरकार तथा लुम्विनी प्रदेश सरकार बाट प्राप्त रकम ।

(ख) गाउँपालिका बाट प्राप्त रकम ।

(ग) स्वदेशी व्यक्ति वा संघ वा संस्था बाट प्राप्त रकम ।

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (१) बमोजिमको रकम समितिको निर्णय बमोजिम कुनै स्थानीय वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

(४) कोषको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**४. कोषमा रकम जम्मा गर्नेः** महिला तथा बालबालिकाको हक हितको क्षेत्रमा गाउँपालिका भित्र काम गर्ने राष्ट्रिय गैर सरकारी संस्थाले बार्षिक रुपमा गर्ने खर्चको गाउँपालिकाले तोकेको प्रतिशत बराबरको रकम नघटाई कोषमा जम्मा गर्नु पर्नेछ ।

**५. कोषको उपयोगः**

(१) कोषको रकम देहायको कामको लागि पीडित लाई उपलब्ध गराउन उपयोग गरिनेछ ।

(क) तत्काल उद्धार गर्न ,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कानूनी सहायता, मनोबैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) कुनै व्यवसाय वा स्वरोजगार गर्नको लागि अनुदान रकम प्रदान गर्न,

(च) पुनर्स्थापना गराउन,

(छ) पीडितको लागि समितिले तोकेबमोजिमको अन्य काममा,

(२) उपनियम (१)मा जुनसुकै कुरा लेखिएको भए ता पनि समितिले लैंङ्गिक हिंसा बाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैंङ्गिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनीमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सकिनेछ ।

**६.कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः**

(१) कोषको रकम दफा (५)मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको सचिवालय तथा बैठक संचालन गर्न लाग्ने खर्चको लागि कोषको रकम प्रयोग गर्न सकिनेछ ।

**७. समितिको गठनः**

(१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतका लागि एक स्थानिय तत्काल उद्धार तथा राहत समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) उपाध्यक्ष, गाउँपालिका | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) संयोजक, सामाजिक विकास समिति | सदस्य |
| (घ) प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| (ङ) प्रमुख, स्वास्थ्य शाखा | सदस्य |
| (च) प्रमुख, ईलाका प्रहरी कार्यालय | सदस्य |
| (छ) गाउँपालिकाका कानुनी सल्लाहाकार | सदस्य |

(ज) लैंङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने गैरसरकारी संघसंस्थाहरु मध्येबाट समितिले तोकेको संस्थाको प्रतिनिधी १ जना — सदस्य

(झ) प्रमुख महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा — सदस्य सचिव

(३) उपनियम (२) को खण्ड (ज) बमोजिमको सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

(४) समितिको सचिवालयको रुपमा महिला बालबालिका तथा जेष्ठ नागरिक शाखामा रहनेछ ।

८. **स्थानिय तत्काल उद्धार तथा राहत समितिको काम कर्तव्य तथा अधिकारः-** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लैंङ्गिक हिंसा निवारणको सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबाट स्वीकृत नीति योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन कोषमा रकम जुटाउने,

(ग) लैंङ्गिक हिंसा पीडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पीडित तथा प्रभावितका लागि राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) गाउँपालिका क्षेत्र भित्र घटेका लैंङ्गिक हिंसा सम्बन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ङ) सिपमुलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान प्रदान गर्ने सम्बन्धमा मापदण्ड बनाई लागु गर्ने,

(च) लैंङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय संग समन्वय गर्ने,

(छ) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(ज) लैंङ्गिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

(झ) कोष वृद्धीको लागि श्रोतको खोजी गर्ने,

(ञ) पीडितलाई राहत आर्थिक सहयोग तथा अन्य सामग्री उपलब्ध गराउने,

(ट) लैंङ्गिक हिंसा निवारण सम्बन्धी अन्यकाम गर्ने वा गराउने,

९. **समितिको बैठक र निर्णयः-**

(१) समितको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति,समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै सञ्चालक समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सञ्चालक समितिका उपस्थित सदस्यहरुले आफुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले बैठकमा आवश्यकता अनुसार गाउँपालिकाको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. रकम उपलब्ध गराउनेः**

(१) पीडीतलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँन गाउँपालिकाले प्रत्येक वर्ष अनिवार्य रुपमा कोषमा रकम विनियोजन गर्नेछ ।

**११. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः**

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधनवाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन "तीनसय रुपैयाँ" र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा "प्रतिदिन पाँच सय रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ सम्मको यथार्थ खर्च ।

(ख) पीडितलाई अस्पतालमा भर्ना गरि औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तिन सय रुपैया, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढिमा पाँच दिनको वसोवास खर्च वापत प्रतिदिन पाँच सय रुपैया र उपचार खर्च समेत गरी बढिमा छ हजार पाँच सय रुपैयाँ नवढ्ने गरि लागेको यथार्थ खर्च र पीडित संग आश्रित वाल वच्चा भए त्यस्ता वालवच्चाको लागि पनि सोही दरमा खाना खर्च

(ग) कानुनी सहायता, मनोवैज्ञानीक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैया नवढ्ने गरि लागेको यथार्थ खर्च ।

(घ) कुनै व्यवसाय गरि स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान समेत गरी बढीमा पन्ध्र हजार रुपैयाँ,

(ङ) पुनर्स्थापनाको लागि बढिमा तीन हजार रुपैयाँ,

(२) उपनियम(१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले समितिमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा त्यस्तो पीडितलाई दुई हजार रुपैया नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल बाहिर रहे बसेको पीडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

(४) पीडितलाई सेफहाउसमा राखी उद्धार तथा राहत गर्नु परेमा अल्पकालिन सेवा केन्द्र सञ्चालन कार्यविधि, २०७७ बमोजिम हुनेछ ।

**१२. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने:**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसुचीमा उल्लेख भए बमोजिमको ढाँचामा समितिमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले नियम ८ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ।

**१३. तत्काल रकम उपलब्ध गराउन सक्ने:**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षती हुन सक्ने देखिएमा समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट ५ हजार रुपैया नबढ्ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परि समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१४. कोषको लेखा र लेखा परिक्षण:**

(१) कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

**१५. आवर्ति (रिभल्भीङ)कोष:** यो कोष आवर्ति (रिभल्भीङ)कोषको रुपमा रहनेछ ।

**१६. प्रतिवेदन पेश गर्ने:**

(१) समितिले प्रत्येक त्रैमासिक रुपमा सो समितिबाट भए गरेका काम कारबाहीको प्रतिवेदन गाउँपालिकामा पठाउनु पर्नेछ ।

(२) समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारबाहिको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) गाउँपालिकाको उपनियम (२) बमोजिम प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

**१७. बैठक भत्ता:** समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत गाउँपालिकाले तोके

बमोजिमको रकम बैठक भत्ता पाउनेछन् ।

**१८. निर्देशन दिन सक्नेः**

(१) नेपाल सरकार ,प्रदेश सरकार तथा गाउँपालिकाले समितिको काम कारबाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१९. बाधा अड्काउ फुकाउनेः** यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ उत्पन्न भएमा फुकाउने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

**२०. खारेजी र बचाउः** यस कार्यविधि बमोजिम भए गरेका काम कामकारबाही यसै बमोजिम र अन्य कुरा प्रचलित ऐन कानुन बमोजिम हुनेछन् ।

अनुसूची

(दफा १२ सँग सम्बन्धित)

श्री अध्यक्ष ज्यू,
स्थानीय तत्काल उद्धार तथा राहत समिति,
बबई गाउँपालिका, हापुरे दाङ्ग ।

म ....................मा बस्ने वर्ष..........................को ...............मिति ...............मा लैङ्गिक हिंसाबाट पीडित भएको छु ।मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा (.......................) भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भइ अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार / कानुनी सहायता एवम् परामर्श/उद्धार/मनोविमर्श/ स्वरोजगार/पुनस्थापना/अन्य ..........................................कामको लागि सहयोगको आवश्यकता परेको हुँदा लैङ्गिक हिंसा निवारणका लागि स्थानीय राहत तथा उद्धार कोषबाट सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

**निवेदककको:-**

नाम, थरः........................................
ठेगानाः..........................................
दस्तखतः........................................
मितिः................................................

**आज्ञाले**
**मुक्ति नन्द रावल**
**प्रमुख प्रशासकीय अधिकृत**